# मिति २०८१/०९/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | जितेन्द्र कुमार चौधरी, किरण चौधरी र अभिषेक चौधरी (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०२८४र फैसला मिति २०८०/०९/२९) | **गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरि भ्रष्टाचार गरेको** | भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज जितेन्द्र कुमार चौधरीलाई बिगो रु.३,९९,४४,३४२।- (तीन करोड उनान्सय लाख चौवालिस हजार तीन सय बयालिस रुपैया) कायम गरि साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ र | **फैसलाः**<br>प्रतिवादी जितेन्द्र कुमार चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम ६ महिना कैद र विगो रु.२,४४,९३,७६५। — जरिवाना भई विगो बरावरको सम्पत्ति प्रतिवादीहरु जितेन्द्र कुमार चौधरी तथा निजको पत्नी प्रतिवादी किरण चौधरी र छोरा अभिषेक चौधरीको नाममा रहेको आरोपदावीमा उल्लेखित सम्पत्तिवाट समेत असुल हुने ठहर भई बिशेष अदालतबाट फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.** अनुसन्धानका क्रममा घर मर्मत खर्च | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट आरोपदावी भन्दा घटी विगो कायम गरी गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ।**<br>जितेन्द्र कुमार चौधरीले राष्ट्र सेवकको रुपमा सार्वजनिक सेवामा मिति २०४८।१२।२१ मा प्रवेश गरे देखि अनुसन्धानमा लिएको जाँच अवधि आ.व. २०७५।०७६ सम्मको अवधिमा निज तथा निजको परिवारका सदस्यहरु समेतले के कस्तो श्रोतबाट आर्जन गरेको हो भन्ने कुराको श्रोत पुष्टी हुने वस्तुनिष्ठ आधार प्रमाणहरु पेश गर्न नसकेकोले मनासिव कारण बिना निज जितेन्द्र कुमार चौधरीले गैरकानूनी सम्पत्ति आर्जन गरि निज तथा निजको परिवारले अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको, आफ्नो हैसियत भन्दा वढी रकम खर्च गरि आफु, श्रीमती र छोरा समेतका नाममा दर्ता कायम रहने गरि घर जग्गा खरिद, छोरा छोरीको शैक्षिक खर्च लगायतका विभिन्न शीर्षकहरुमा गरेका खर्चहरु र विभिन्न बैंक खाताहरुमा रहेका मौज्दात समेतमा खर्च लगानी गरेको देखिँदा निजले गैर कानूनी रुपमा आर्जन गरेको पुष्टि भई आरोपपत्र दायर गरिएको प्रस्तुत मुद्दामा आयोगबाट रु.६५,२५,८८२।— बैध आय कायम गरेकोमा अदालतबाट प्रतिवादीको सम्पत्तिको जाँच अवधिको समग्र आय रु.१,०८,७१,८००।- कायम भएको छ।यसरी आयोगले कायम गरेको आय भन्दा अदालतबाट रु.४३,४५,९१८।- (त्रिचालिस लाख पैतालिस हजार नौसय अठार) बढी आय कायम गरेको तथा आयोगबाट रु.४,६४,७०,२२४।—ब्यय कायम गरेकोमा अदालतबाट रु.३,५३,६५,५६५।- मात्र ब्यय कायम भएको छ।यसरी आयोगले कायम गरेको व्यय भन्दा अदालतबाट रु.१,११,०४,६५९।— (एक करोड एघारलाख चारहजार छसय उनन्साठी) घटी ब्यय कायम गरेको छ।तसर्थ आरोप दावीको विगो रु.३,९९,४४,३४२।— रहेकोमा अदालतबाट रु.१,५४,५०,५७७।—लाई बैध आय व्यय मानी विगो रु.२,४४,९३,७६५।— लाई मात्र गैरकानूनी सम्पत्तिको हो भन्ने ठहर गरी भएको फैसलालाई देहाय बमोजिम खण्डन गरिएको छः<br>**(क) आय तर्फः-**<br>**१.जग्गा विक्रीबाट प्राप्त बैधआयः-** जिल्ला सर्लाही धनगढा स्थित कि.नं. ४१० क्षेत्रफल ०-८-०-० भएको जग्गा खरिद गर्दाका वखत खरिद तथा लगानी रकम रु. ४०,०००।—मा रु.४,६३४।—(११.५९%) बराबरको भागको स्रोत खुल्न नआएको हुँदा विक्री रकम रु.१,९८,६००।— बाट ११.५९% ले हुने रकम रु.२३,०१८।- घटाउँदा हुने रकम रु.१,७५,५८२।— रकम नै जग्गा विक्रीबाट प्राप्त बैध आय हुनु पर्ने हुन्छ तर अदालतबाट उक्त जग्गा विक्रीको रकम रु.१,९८,६००।— सम्पूर्ण रकम नै आयमा गणना हुने भन्ने फैसला, “आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ।त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक बाक्यांश एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरीवाना र कैद सजाय हुन समेत माग दावी लिइ निज जितेन्द्र कुमार चौधरीले जाँच अवधिमा आर्जन गरेको श्रोत नखुलेको सम्पत्ति तथा लगानी एवँ घर निर्माण लागत लगायतका खर्चहरु साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को | रु.२,००,०००।— भएको भनी प्रतिवादीले भनेता पनि अदालतमा ईन्कार रही वयान गरेको र प्राविधिक जाँचका आधारमा पनि उक्त घर मर्मत भएको भनि निश्चित नगरेको।<br>**ख.** प्रतिवादीले खातामा जम्मा गरे गराएका स्रोत पुष्टि हुन नआएका रकम रु.१,४४,०२,६६०।- मध्ये रु.३९,०२,६६०।— मा मात्र प्रतिवादीले अन्यथा खुलाउन नसकेकोले व्ययमा गणना गर्न मिल्ने।<br>**ग.** प्रतिवादीको सर्लाही जिल्लाको धनगढा स्थित कि.नं.३०० र ४१० को जग्गा संयुक्त रुपमा मिति २०५६।११।१६ मा विक्री गरेको जग्गाको आयमा वादी पक्षले आय रु.१,७५,५८२।— | त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुनेगरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ जुन कानूनसम्मत हुन नसक्ने" (नेपाल सरकार विरुद्ध युवराज शर्मा भएको मुद्दामा ने.का.प. २०६९, अंक ५, नि.नं. ८८८६) भन्ने प्रतिपादित सिद्धान्त विपरित हुँदा प्रस्तुत फैसला बदरभागी छ।<br><br>२.**भत्ता रकमः-** प्रतिवादीले अनुसन्धानको वयानको क्रममा नखुलाएको तर अदालत समक्ष पेश गरेको भनिएको भत्ता रकम रु.१४,१७,६३२।— विश्वास लायक छैन किनभने प्रतिवादीको जीवन अवधि भरको परिश्रमिक वचत आय रु.२८,७१,५१८।— जसको झण्डै आधा रकम भत्ता भनि पेश गरेको रकममा सत्यता देखिदैन। यसै सन्दर्भमा "स्रोत पुष्टि नभएको विगोको रुपमा रहने सम्पत्ति तथा सोबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी भई जफतसम्म हुने"<br>"जाँच अवधिमा खरिद गरिएका जग्गा विक्रीबाट प्राप्त रकमलाई आयको रुपमा जिकीर लिईन्छ र मान्यता पनि दिईन्छ भने त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नुपर्ने" (नेपाल सरकार विरुद्ध खुम बहादुर खड्का भएको मुद्दामा ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२) भन्ने प्रतिपादित सिद्धान्त विपरित भएको प्रस्तुत फैसला बदरभागी छ।<br>**३.घर बहाल आयः-** प्रतिवादीले अनुसन्धानको वयानको क्रममा प्रतिवादीको श्रीमती किरण चौधरीको नामको विराटनगर स्थित घर बहालमा रहेको भनी घर बहाल सम्झौता र कर तिरेको रसिद पेश गर्न सकेको अवस्था छैन तर प्रतिवादीले पछि सजायबाट वच्ने उद्देश्यले पछि तयार गरिएको सम्झौता र विराटनगर महानगरपालिकाको मिति२०७६।३।३१ गतेको पत्रलाई आधार लिई थप गरिएको घर बहाल रकम रु.१,८०,०००।— थप गरिएको कानून सम्मत मिल्ने देखिदैन।<br>४.**जग्गा भाडा आयः-** अनुसन्धानको क्रममा नखुलाईएको तर अदालत समक्ष प्रतिवादीको श्रीमती किरण चौधरीको नामको जनकपुरको जग्गा ग्यारेज प्रयोजनको लागि बहाल दिएको भनी पेश गरेको सम्झौता पत्र र जनकपुर महानगरपालिको रसिदबाट देखिएको भनी रु.२,४०,०००।— रकम सजायबाट बच्ने उद्देश्यले पछि तयार गरिएका Created evidence हुन् तसर्थ उक्त रकमलाई आयमा समावेश गर्न मिल्ने देखिदैन।<br>**५.छात्रबृत्ति आयः-** प्रतिवादीको छोरीले महात्मा गान्धी स्कलरसिप अन्तर्गत छात्तबृत्ति पाएको बैंकको स्टेटमेन्टबाट देखिएकोले उक्त रकम रु.४८,०००।— आयको रुपमा कायम गरिएको भन्ने अदालतको आधारका सम्बन्धमा वादीको अन्यथा जिकिर रहेको छैन।<br>**६.किरण चौधरीको पारिश्रमिक आयः-** प्रतिवादी किरण चौधरीले अनुसन्धानको वयानका क्रममा आफू गृहिणी मात्र रहेको र अन्य कुनै पनि पेशा व्यवसाय नरहेको भनी उल्लेख गरेको साथै आफन् हात काप्ने समस्याले गर्दा लेख्न नसक्ने हुँदा मैले भनेको कुरा श्रीमान् ले लेखिदिने भनी वयान गरेकि छन् ।साथै निजका श्रीमान् प्रतिवादी जितेन्द्र कुमार चौधरीले समेत श्रीमती गृहिणी मात्र रहेको भनि अनुसन्धानको वयानमा उल्लेख गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम गैरकानूनी रुपमा आर्जन गरेको बिगो बराबरको एकाघर संगोलका श्रीमती र छोरा एवँ आफ्नै नाममा राखेको देहायमा उल्लेख गरे बमोजिमको सम्पत्तिबाट असूल उपर/जफत गरि पाउन र नपुग बिगोका हकमा प्रचलित कानून बमोजिम यी आरोपी जितेन्द्र कुमार चौधरीबाट असूल उपर गरी जफत गरी पाउन | कायम गरेकोमा मालपोत कार्यालयको रेकर्ड अनुसार उक्त जग्गा विक्रीको रकम रु.१,९८,६००।— भएकोले उक्त सम्पूर्ण रकम नै आयमा गणना हुने।<br>**घ.** प्रतिवादीले बुझेको भनिएको विभिन्न भत्ता शिर्षकमा जम्मा रु.१४,१७,६३२।— आयमा गणना गरिएको।<br>**ङ.** प्रतिवादीको विराटनगर स्थित घर बहाल बापत रकम रु.१,८०,०००।— आयमा गणना गरिएको।<br>**च.** प्रतिवादीले आफ्नो पत्नी किरण चौधरीको नाउको जनकपुर स्थित जग्गाको वहाल बापत रु.२,४०,०००।— आयमा गणना गरिएको।<br>**छ.** प्रतिवादीको श्रीमती किरण चौधरीको पारिश्रमिक | अवस्था देखिन्छ। आयोगले गणना नगरेकातर प्रतिवादीले अदालत समक्ष जिकिर लिएका प्रतिवादीको श्रीमती स्कुलको वार्डेन भई तलव बुझेको भनि आयमा थप गरिएको परिश्रमिक आय रकम रु.५,६१,०००।- कसूरवाट उन्मुक्ती पाउने अभिप्रायले बैध आयमा बृद्धि गर्नका लागि मात्र स्कुलको वार्डेन भई काम गरेको भनी अदालतमा उल्लेख गरेको देखिन्छ। स्कुल वार्डेन भई काम गरेको तलब भत्ता बुझेको भरपाई साथै परिश्रमिक कर तिरेको भरपाई समेत प्रतिवादीले अदालतमा पेश गर्न सकेको अवस्था नरहेको हुँदा उक्त रकम रु.५,६१,०००।- आयमा कायम गरी भएको फैसला त्रुटिपूर्ण रहेको देखियो।यसै सन्दर्भमा "स्वयं प्रतिवादीले जिकीर लिन नसकेको विषयमा कुनै निजी संस्था विशेषले पछिबाट लेखेको पत्रका भरमा त्यस्तो रकमलाई आयमा समावेश गर्न नमिल्ने"<br>"आयस्रोतका सम्वन्धमा सरकारी कार्यालयले पठाएको तलवी विवरणका आधारमा आयको मान्यता प्राप्त हुन्छ। त्यसरी नै व्ययका सम्वन्धमा आर्जित सम्पत्ति, शिक्षा, स्वास्थ्यमा भएको खर्च र बैंक स्टेटमेन्टबाट प्रमाणित भएको कारोबारको अंकलाई मान्यता प्रदान गर्नुपर्ने। बैध स्रोतबाट हासिल हुन सक्ने आयको तुलनामा आर्जित सम्पत्ति उच्च र अमिल्दो देखिन्छ, जीवनयापन र रहनसहनमा गरिएको खर्च अस्वाभाविक देखिन्छ आर्थिक कारोबार स्वाभाविक देखिँदैन भने सार्वजनिक पदको दुरुपयोग गरी गैरकानूनी रुपमा आर्जन गरेको भन्ने अनुमान स्वतः पुष्टि हुने" (नेपाल सरकार विरुद्ध जयप्रकाशप्रसाद गुप्तासमेत भएको मुद्दामा ने.का.प. २०६८, अंक ११, नि.नं. ८७२२) भन्ने प्रतिपादित सिद्धान्त विपरित भएको प्रस्तुत फैसला बदरभागी छ।<br>**७.सुन बिक्री आय**:- यस शीर्षकमा प्रतिवादी जितेन्द्र कुमार चौधरीले विवाहमा ससुराली पक्षबाट दिएको र पछि खरिद गरेको सुन बिक्री गरी प्राप्त आय भनी रु.९,४४,१६०।—आयमा गणना हुनु पर्ने भनी गरेको जिकिर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २०(१) को कानुनी व्यवस्था बमोजिम प्रतिवादीले नै निजले आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित गर्नुपर्ने हुन्छ।सो सुन खरिद गरेका विल भरपाई साथै कुन स्रोतबाट के कति परिमाणमा खरिद गरेको भनी स-प्रमाण स्पष्टसंग खुलाउन सकेको अवस्था नभई प्रतिवादीले आफ्नो जिकिर पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पेश नगरेको अवस्थामा प्रतिवादीको जिकिर मनासिबै देखिएको भनी यस शीर्षकमा जम्मा रु.९,४४,१६०।—आयमा कायम गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदरभागी छ।<br><br>**८.स्वआर्जित जग्गाको आय**:-प्रतिवादीले कृषि आयमा रु.९,३२,१०८।— थप हुनु पर्ने जिकिर लिएको रकमका सम्वन्धमा प्रतिवादीले कृषि आय के कहाँको के कति क्षेत्रफल भएको जग्गामा के कुन प्रकारको बालीनाली को कसबाट लगाई के कति आम्दानी गरेको भन्ने कुनै बस्तुनिष्ठ प्रमाण पेश गर्न नसकेको अवस्थामा प्रतिवादी राष्ट्रसेवक कर्मचारी भई विभिन्न जिल्लामा कामकाज गर्दै आएका छन् निजको श्रीमती गृहिणी भई बसेको र छोरा छोरी समेत उक्त अवधिमा कृषि कार्य गरी स्वआर्जन गर्न सक्ने उमेरको देखिदैन भने प्रतिवादी २०५१ साल देखि नै आफ्नोआफ्नो कमाई गरी अलग बसेको भन्ने निजकै वयानबाट पुष्टि भएकोले २०५१।०५२ देखि २०५६ सालसम्मको १-१२-११ जग्गाको कृषि कार्य गरी स्वआर्जन भनि जिकिर लिइएको रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आय रु ५,६१,०००।— आयमा गणना गरिएको।<br>**ज.** सुन विक्री आय तर्फ रु.९,४४,१६०।— आयमा गणना गरिएको।<br>**झ.** प्रतिवादीको कि.नं. ४१० र ३०० को कृषि आयतर्फ रु.९,३२,०००।— लाई आयमा गणना गरिएको।<br>**ञ.** प्रतिवादी किरण चौधरीको बैंक खातामा जम्मा भएको रु.३५,००,०००।— रकमका सम्वन्धमा लगाउमा रहेको गैरकानूनी कमिशनको रकम सम्वन्धी मुद्दामा निर्णय भईसकेको र यस मुद्दामा आयमा समेत गणना नगरिएको हुँदा व्यय पनि कायम गर्न मिलेन।<br>**ट.** मिसिल संलग्न कागजातबाट | रु.९,३२,१०८।—को दावीलाई २०७७ सालमा बसबरिया गाउँपालिकाको पत्रले समर्थन गरेको भन्ने पत्रलाई आधार लिई वैध आयमा गणना गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>**(ख) ब्यय तर्फः**<br>**१. घर मर्मत खर्चः**- प्रतिवादी अदालतमा ईन्कार रही वयान गरेको र प्राविधिक जाँचका आधारमा पनि उक्त घर मर्मत भएको भनि निश्चित नगरेको आधार लिई रकम रु.२,००,०००।— ब्यय कायम नगरिएको उक्त रकमका सम्वन्धमा किरण चौधरीको नाममा जिल्ला मोरङ विराटनगर १० स्थित कि.नं. १३५ क्षेत्रफल २५४ ब.मी. भएको जग्गामा मिति २०७५।०१।०४ गते खरिद गर्दा घर सहित खरिद गरेको देखिएकोमा निजको श्रीमान जितेन्द्र कुमार चौधरीले बयानको सवाल जवाफ नं. १६७ मा सो खरिद भएको घर मर्मत गर्दा रु.२,००,०००।— लागेको भनी खुलाएकोले निजको आफ्नै वयानले उक्त व्यहोरा खण्डित भएको हुँदा प्रस्तुत फैसला त्रुटिपूर्ण छ।<br>**२. बैंक खातामा जम्मा गरे गराएका स्रोत पुष्टि हुन नआएका रकमहरुः**- प्रतिवादीहरुको खातामा जम्मा गरे गराएका स्रोत पुष्टि हुन नआएका रकम रु.१,४४,०२,६६०।- मध्ये रु.३९,०२,६६०।— प्रतिवादी जितेन्द्र कुमार चौधरीको खाताको रकम हो भने बाँकी रकम निजको श्रीमती प्रतिवादी किरण चौधरीको खातामा जम्मा भएको स्रोत नखुलेको रकम हो।प्रतिवादी किरण चौधरीको कुमारी बैंक लि.को खातामा रु.४०,००,०००।— र रु.३०,००,०००।-जम्मा गरेको सम्बन्धमा प्रतिवादी जितेन्द्र कुमार चौधरीले बयानको सवाल जवाफ नं. ७८, सवाल जवाफ नं. ८० र सवाल जवाफ नं १६७ मा श्रीमतीको कुमारी बैंक लि. खाताका जम्मा गर्ने क्रममा आफूले भौचर लेखि ससुरा विश्वनाथ झाले दस्तखत गरि जम्मा गरेको हो। सो रकम मैले लगानी तथा जम्मा गरेको रकमको स्रोत खुलाउन नसकेकोले ससुरा विश्वनाथ झाका नामबाट जम्मा गरेको हो भनी भौचरमा भएका दस्तखत सनाखत समेत गरि लेखाएको देखियो।<br><br>साथै सम्मानित अदालतको फैसलाको बुँदा नं. १०४ मा किरण चौधरीको नाममा खरीद भएको विराटनगरको कि.नं. १३५ को घर र जग्गा रु.८६,००,०००।—मा खरीद गरेको देखिन्छ।उक्त रकमको जग्गा रु.७०,००,०००।— ऋणमा लगानी गरी खरीद नगरी नहुने कारण खुलाएको पाईदैन।यसबाट आफ्नो ससुराबाट आफैंले भौचर भरी पत्नीको नाउमा जम्मा गरेको उक्त रकम वास्तविक ऋण भएको नदेखिई श्रोत पुऱ्याउने उद्देश्यले उक्त कार्य गरेको देखिन आएकोले आयमा गणना गर्न मिलेन भनी स्वयम् अदालत समेत सहमत भएको अवस्थामा। आरोपपत्रमा व्ययमा गणना गरिएको उक्त रकम रु.७०,००,०००।— लाई व्ययमा कायम नगरी विना आधार र कारण उक्त रकम प्रतिवादी किरण चौधरीको खातामा जम्मा गरेता पनि बैंक मौजदात नरहेको भनी विगोबाट घटाइएको छ। प्रतिवादी किरण चौधरीको खातामा भूमि इन्फास्ट्रक्चरका भावेस बोहरा र निजका कर्मचारीले ठेक्काको कमिसन वापत पटक पटक गरी जम्मा गरेको रकम रु.३५,००,०००।— को प्रतिवादी जितेन्द्र कुमार चौधरीले ठेक्कामा सहजिकरण गरे बापत निजले खुसीले दिएको रकम श्रीमतीको खातामा जम्मा गर्न लगाएको हो भनि घुस/रिसवत रकम स्वीकार गरेको अवस्थामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादीको श्रोत पुष्टि भएको आय र व्ययको हिसाब गणना गर्दा जाँच अवधिमा प्रतिवादीको आयतर्फ जम्मा रु.१,०८,७१,८००। —देखिएको र व्ययतर्फ रु.३,५३,६५,५६५। — देखिएको तसर्थ प्रतिवादी जितेन्द्र कुमार चौधरीले आय भन्दा जम्मा रु.२,४४,९३,७६५। — गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको | घुस/रिसवत मुद्दा छुटै दायर भएकोमा यस मुद्दामा उक्त रकम बैध आयमा गणना नगरी व्ययमा मात्र गणना गरिएको हो अदालतबाट प्रतिवादी किरण चौधरीको खातामा जम्मा भएको स्रोत पुष्टि हुन नसकेको रकमलाई कुनै हिसाबै नगरी "गैरकानूनी कमिशनको रकम सम्वन्धी मुद्दामा निर्णय भईसकेको र यस मुद्दामा आयमा समेत गणना नगरिएको हुँदा व्यय पनि कायम गर्न मिलेन" भन्ने आधार ग्रहण गरी भएको फैसलामा कानूनी त्रुटी रहेको हुँदा बदरभागी छ।<br>**३. बैंक खातामा रहेको अन्तिम मौज्दात रकमहरुः-** प्रतिवादीहरुको बैंक खातामा रहेको अन्तिम मौज्दात रकम रु.४,०४,६५९।– रकमका सम्वन्धमा, प्रतिवादीहरुको कानूनी रुपमा प्राप्त बैध आयको सम्पूर्ण गणना गरी व्ययको समेत गणना गर्दा प्रतिवादीहरुको खातामा बाँकी रहेको मौज्दात रकम स्वतः व्यय मानिनु पर्ने देखिन्छ तर अदालतले फैसलामा उक्त बैंक खाताको मौज्दात रकमलाई व्ययमा गणना नगरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ |